नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

फोन: ४११५६७८
४४७०१०३
फ्याक्स: ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: cctcktm@gmail.com

प.सं.: ०८०/८१
च.नं.: ५८

मिति: २०८०।०६।०९

**विषय: विभागको वेभसाइटमा प्रकाशन गरिदिने सम्बन्धमा।**

श्री सहकारी विभाग,
नयाँ बानेश्वर, काठमाडौं।

सहकारी शिक्षा संचालन गर्ने सहकारी संस्था वा निकायको लागि पाठ्यक्रम निर्धारण तथा त्यस्ता संस्थाको प्रमाणीकरणको लागि सहकारी नियमावली, २०७५को नियम ७९ वमोजिम गठित सहकारी सम्वन्धी शैक्षिक क्रियाकलाप प्रमाणीकरण समितिको मिति २०८०।०६।०८ गतेको वैठकको निर्णयबाट स्वीकृत **सहकारी शिक्षा तथा प्रशिक्षणसम्बन्धी न्यूनतम निर्धारकहरू, २०८०** को सफ्टकपी तहाँ विभागको वेभसाइटमा प्रकाशन गरी सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

साथै, सोको सफ्टकपी तहाँ विभागको ईमेल ठेगाना info@deoc.gov.np मा पठाइएको व्यहोरा समेत अनुरोध छ।

२०८०।०६।०९

(संजिव नेपाल)
सहकारी प्रशिक्षक

दर्ता नं. ११४३
मिति २०८०।६।१५

# सहकारी शिक्षा तथा प्रशिक्षणसम्बन्धी न्यूनतम निर्धारकहरू, २०८०

स्वीकृत मिति : २०८०।०६।०८

सहकारी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूमा एकरुपता कायम गर्न तथा गुणस्तर सुनिश्चित गर्नका लागि आधारभूत संस्थागत निर्धारक तथा शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको प्रशिक्षार्थी समूहअनुसार पाठ्यक्रम, अवधि, स्रोत व्यक्तिको योग्यतालगायतका मानकहरू तोक्न वाञ्छनीय भएकोले,

सहकारी नियमावली, २०७५ को नियम ७९ को उपनियम (१) अनुसार गठित प्रमाणीकरण समितिले सोही नियमको उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी यी न्यूनतम निर्धारकहरू (स्पेसिफिकेसन) बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी निर्धारकहरूको नाम "सहकारी शिक्षा तथा प्रशिक्षणसम्बन्धी न्यूनतम निर्धारकहरू, २०८०" रहेको छ।

(२) यी निर्धारकहरू सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जुनसुकै प्रशिक्षण संस्था (ट्रेनिङ इन्स्टिच्युसन), निकाय वा अन्य तालिम प्रदायकहरूबाट सञ्चालन हुने सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूमा लागू हुनेछ।

(३) यी निर्धारकहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. <u>परिभाषा</u> : (१) विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यी निर्धारकहरूमा,–

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "केन्द्र" भन्नाले सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र सम्झनु पर्दछ।

(ग) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ।

(घ) "नियामक निकाय" भन्नाले सहकारी ऐन, २०७४ को दफा १५० बमोजिमका निकाय सम्झनुपर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्दछ।

(च) "विभाग" भन्नाले सहकारी विभाग सम्झनु पर्दछ।

(छ) "शैक्षिक तथा प्रशिक्षण कार्यक्रम" भन्नाले सहकारी ज्ञान, सीप र धारणाको विकासका लागि सञ्चालन गरिने शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सम्झनु पर्दछ र सो शब्दले तीन वा सोभन्दा बढी दिन सञ्चालन हुने अनुशिक्षण, कार्यशाला वा त्यस्तै अन्य कार्यक्रम समेतलाई जनाउँछ।

(ज) "स्रोत व्यक्ति" भन्नाले यी निर्धारकहरूको दफा ११ बमोजिम योग्यता पुगेको व्यक्ति सम्झनु पर्दछ।

नेपाल सरकार
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव

## परिच्छेद-२

## आधारभूत संस्थागत निर्धारक

३. **प्रशिक्षण संस्थासम्बन्धी निर्धारक** : (१) सहकारी शिक्षा सञ्चालन गर्ने प्रशिक्षण संस्थाहरूले देहायका आधारभूत निर्धारक पूरा गरेको हुनुपर्नेछ :

(क) उपदफा (२) बमोजिमको कम्तीमा एक वटा प्रशिक्षण कक्ष हुनुपर्नेछ,

(ख) प्रशिक्षार्थीहरूलाई प्रशिक्षण अवधिभर आवासको सुविधा हुनुपर्नेछ,

(ग) कम्तीमा दुई जना आन्तरिक स्रोतव्यक्तिको व्यवस्था हुनुपर्नेछ र

(घ) हरेक तालिममा कम्तीमा बिस प्रतिशत स्रोत व्यक्तिहरू प्रशिक्षण संस्था वा साझेदार निकायबाहेकबाट आमन्त्रण गर्नुपर्नेछ।

(२) उपदफा (१) को खण्ड (क) अनुसारको प्रशिक्षण कक्ष देहाय बमोजिमको हुनुपर्नेछ,

(क) प्रशिक्षण कक्षमा सहभागीहरूलाई अनुसूची - १ को नमूना अनुसार U वा O आकारमा राख्नुपर्नेछ,

(ख) प्रशिक्षण कक्षमा सहभागीहरूलाई नामपाटी, मसलन्द, पानीको गिलासलगायतको आधारभूत सुविधा हुनुपर्नेछ,

(ग) प्रशिक्षण कक्षहरूमा पर्याप्त प्रकाश पुग्ने, हावा खेल्ने वा वातानुकुलित हिसाबको हुनुपर्नेछ,

(घ) एक पटकमा एउटा प्रशिक्षण कक्षमा सहभागी संख्या ३० जनाभन्दा बढी हुनु हुँदैन र

(ङ) प्रशिक्षक प्रशिक्षण कार्यक्रममा एक पटकमा एउटा प्रशिक्षण कक्षमा सहभागी संख्या २० जनासम्म मात्र हुनुपर्दछ।

४. **प्रशिक्षण संस्थाहरू बाहेकको हकमा** : (१) प्रशिक्षण संस्थाहरू बाहेकका निकाय वा तालिम प्रदायकहरूले देहायका आधारभूत निर्धारकहरू पुरा गरेको हुनुपर्नेछ :

(क) प्रशिक्षार्थीहरूलाई पायक पर्ने स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,

(ख) आवास आवश्यक पर्ने प्रशिक्षार्थीहरू भए प्रशिक्षण अवधिभर तत्सम्बन्धी व्यवस्था मिलाइएको हुनुपर्नेछ,

(ग) विषयगत स्रोत व्यक्तिको सुनिश्चितता गरेको हुनपर्नेछ,

(घ) दैनिक सेवा प्रवाह हुने, कार्य सञ्चालन हुने स्थल बाहेकको शान्त वातावरणमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ र

(ङ) प्रशिक्षण कक्षसम्बन्धी दफा ३ को उपदफा (२) मा उल्लिखित निर्धारकहरू यथाशक्य पूरा गरेको हुनुपर्नेछ।

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## परिच्छेद-३
## प्रशिक्षार्थी समूह

५. **सहकारी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमको लागि प्रशिक्षार्थीहरूको समूह** : (१) सहकारी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमका लागि प्रशिक्षार्थीहरूलाई देहायबमोजिम समूहीकृत गर्नुपर्नेछ :

(क) सहकारी संस्थाका सदस्य

(ख) सहकारी संस्थाका नेतृत्व वर्ग

(ग) सहकारी लेखा सुपरिवेक्षण समितिका पदाधिकारी

(घ) सहकारी संस्थाका व्यवस्थापक

(ङ) सहकारी संस्थामा कार्यरत कर्मचारी

(च) सहकारी लेखापालक

(छ) सहकारी लेखापरीक्षक

(ज) सहकारी नियामक निकायका जनप्रतिनिधिहरू

(झ) सहकारी नियामक निकायका अधिकारी

(ञ) सहकारी नियामक निकायमा कार्यरत कर्मचारी

(ट) सहकारी प्रशिक्षक

(ठ) सहकारी प्रवर्द्धनकर्ता

६. **तालिम सञ्चालन** : (१) साधारणतया दफा ५ मा उल्लिखित समूहलाई छुट्टाछुट्टै रुपमा शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

तर मिल्दो विषयको कार्यक्रममा दफा ५ मा उल्लिखित एकभन्दा बढी समूहहरूलाई मिश्रित रुपमा शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-४
## प्रशिक्षण कार्यक्रम अवधि

७. **सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन अवधि** :(१) सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दा प्रतिदिन पुनरावलोकन सत्रबाहेक चार प्रशिक्षण सत्रभन्दा बढी नहुने गरी व्यवस्थापन गर्नुपर्नेछ।

(२) प्रति सत्र दैनिक चार सत्र हुनेको हकमा कम्तीमा एक घण्टा पन्ध्र मिनेट र तीन सत्र हुनेको हकमा कम्तीमा एक घन्टा तीस मिनेट अवधिको हुनुपर्नेछ।

(३) दफा ५ मा उल्लेख भएअनुसारका समूहका लागि अनुसूची-२ बमोजिम अवधि व्यवस्थापन गर्नुपर्नेछ।

(४) तीस कार्यदिनभन्दा बढी अवधिको कार्यक्रमको प्रमाणीकरणका लागि तालिम आवश्यकता पहिचान गरी तत्सम्बन्धी प्रतिवेदनसहित प्रमाणीकरण समितिमा पेश गर्नुपर्नेछ।

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## परिच्छेद-५

## पाठ्यक्रम

८. पाठ्यक्रम : (१) शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रम तयार गर्दा कार्यक्रमको अवधि, सहभागीको स्तर तथा आवश्यकता समेतको विचार गरी प्राथमिकताका आधारमा अनुसूची-३ मा उल्लिखित विषयहरू समेट्नुपर्नेछ।

९. प्रमाणीकरण गराउनुपर्ने : (१) सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जुनसुकै प्रशिक्षण संस्था (ट्रेनिङ इन्स्टिच्युसन), निकाय वा तालिम प्रदायकले कार्यक्रम सञ्चालन गर्ने निर्णयअगावै शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रम प्रमाणीकरण समितिको कार्यविधिबमोजिम अनिवार्य रुपमा प्रमाणीकरण गराएको हुनुपर्नेछ।

## परिच्छेद-६

## स्रोत व्यक्तिको योग्यता

१०. विज्ञ सूची : (१) सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने प्रशिक्षण संस्थाले अनिवार्य रुपमा विज्ञ सूची (रोष्टर) तयार गर्नुपर्नेछ।

(२) विज्ञ सूची (रोष्टर) नियमित रुपमा अद्यावधिक गर्नुपर्नेछ।

११. स्रोत व्यक्तिको योग्यता : (१) सहकारी सम्वन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रमका लागि स्रोत व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) स्नातक तह उत्तीर्ण गरेका सम्बन्धित विषय विज्ञ वा

(ख) स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको वा

(ग) प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी प्रशिक्षण दिने विषयमा कम्तीमा सात कार्यदिनको प्रशिक्षक प्रशिक्षण (ToT) हासिल गरेको वा

(घ) प्रशिक्षण दिने विषयमा शोधपत्र वा कृति प्रकाशन गरेको।

तर उपदफा (१) बमोजिमको योग्यता नपुगेको व्यक्ति भएतापनि शैक्षिक तथा प्रशिक्षण कार्यक्रमको सिलसिलामा सञ्चालन गरिने प्यानल छलफल, अनुभव आदानप्रदान, मामिला अध्ययन जस्ता क्रियाकलापमा सञ्चालन गर्न बाधा पर्नेछैन।

## परिच्छेद-७

## विविध

१२. सार्वजनिक गर्नुपर्ने : सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जुनसुकै प्रशिक्षण संस्था (ट्रेनिङ इन्स्टिच्युसन), निकाय वा तालिम प्रदायकले सञ्चालन हुने तथा सम्पन्न भएका शैक्षिक तथा प्रशिक्षण कार्यक्रमको नाम, पाठ्यक्रम, सहभागी सङ्ख्या, सञ्चालन अवधि, सशुल्क कार्यक्रम भए शुल्क संरचनालगायतका विवरण आफ्नो सूचना पाटी, वेभसाइट वा त्यस्तै अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

प्राचार्य

नेपाल सरकार

सचिव

१३. <u>**अध्यावधिक गर्नुपर्ने**</u> : हाल सहकारीसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका जुनसुकै प्रशिक्षण संस्था (ट्रेनिङ इन्स्टिच्युसन), निकाय वा तालिम प्रदायकले सञ्चालित कार्यक्रमसहित संस्थागत विवरण प्रमाणीकरण समितिको सचिवालयमा अध्यावधिक गर्नुपर्नेछ।

१४. <u>**नियमनसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम**</u> : सहकारी नियमनसम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सहकारीसम्बन्धी मन्त्रालय, विभाग, प्रशिक्षण केन्द्र वा कार्यालयले मात्र सञ्चालन गर्न सक्नेछ।


प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं


सचिव

## अनुसूची १

दफा ३ को उपदफा (२) सँग सम्वन्धित




U आकारमा बसाइको नमूना




O आकारमा बसाइको नमूना

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# अनुसूची २

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

| क.सं. | समूह | अवधि (दिन) | कैफियत |
|---|---|---|---|
| १. | सहकारी संस्थाका सदस्य | ३ | एक दिन भन्नाले कम्तीमा ५ घण्टा प्रशिक्षण अवधिलाई बुझिनेछ। |
| | | ५ | |
| | | ७ | |
| | | १० | |
| २. | सहकारी संस्थाका नेतृत्व वर्ग | ३ | |
| | | ५ | |
| | | १० | |
| | | १५ | |
| ३. | सहकारी लेखा सुपरिवेक्षण समितिका पदाधिकारी | ३ | |
| | | ७ | |
| | | १० | |
| | | १५ | |
| ४. | सहकारी संस्थाका व्यवस्थापक | ७ | |
| | | १५ | |
| | | २१ | |
| | | ३० | |
| ५. | सहकारी संस्थामा कार्यरत कर्मचारी | ५ | |
| | | ७ | |
| | | १० | |
| | | १५ | |
| ६. | सहकारी लेखापालक | ७ | |
| | | १० | |
| | | १५ | |
| | | ३० | |
| ७. | सहकारी लेखापरीक्षक | ३ | |
| | | ५ | |
| | | ७ | |
| | | १० | |
| ८. | सहकारी नियामक निकायका जनप्रतिनिधिहरू | ३ | |
| | | ५ | |
| | | ७ | |
| | | १० | |
| ९. | सहकारी नियामक निकायका अधिकारी | ३ | |
| | | ५ | |
| | | ७ | |
| | | १० | |
| १०. | सहकारी नियामक निकायमा कार्यरत कर्मचारी | ७ | |
| | | १० | |
| | | १५ | |
| | | ३० | |
| ११. | सहकारी प्रशिक्षक | ७ | |
| | | १५ | |
| | | २१ | |
| | | ३० | |
| १२. | सहकारी प्रवर्द्धनकर्ता | ३ | |
| | | ५ | |
| | | ७ | |
| | | १० | |

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र वर्ग बानेश्वर, काठमाडौं

प्राचार्य

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची ३

दफा ८ सँग सम्वन्धित

**(क) सहकारी संस्थाका सदस्य**

- सहकारी विचारको प्रादुर्भाव, अर्थ र मर्म,
- सहकारी मूल्यमान्यता र सिद्धान्तहरू,
- सहकारी संस्था, सहकारीकर्मी र साझा वन्धन,
- वास्तविक र छद्मवेशी सहकारी संस्था,
- सहकारी संस्थाका व्यवस्थापनका अङ्गहरू,
- सहकारी स्वनियमन, आन्तरिक नियन्त्रण र सदस्यको भूमिका,
- सहकारी कानूनका मुख्य-मुख्य प्रावधानहरू,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

**(ख) सहकारी संस्थाका नेतृत्व वर्ग**

- सहकारी आन्दोलनको अभ्युदय,
- सहकारी चिन्तन, मूल्यमान्यता र सिद्धान्तहरू,
- नेपालमा सहकारी आन्दोलन,
- सहकारी पहिचान, छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- सहकारी संस्था, संस्थागत सङ्गीकरण र अन्तरसहकारी सहयोग,
- सहकारीकर्मी, साझा बन्धन र संस्थागत मानचित्र,
- नेतृत्व : परिचय, शैली र भूमिका,
- सहकारी संस्थामा नेतृत्व (Leadership), अनुयायित्व (Followership) र पेसागत व्यवस्थापन (Professional Management),
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी कानून, नियमन संरचना र सम्पत्ति शुद्धीकरण निवारण तथा अन्य नियमनकारी निर्देशन,
- सदस्य सहभागिता, विस्तारित मञ्चहरू र सदस्य केन्द्रीयता सूचकाङ्क,
- सहकारी संस्थामा स्रोत परिचालन र वित्तिय जोखिम लेखाजोखा,
- सहकारी संस्थाको सञ्चालक विचार र रणनीतिक आधारपत्र (जस्तै : रणनीति पत्र, सोच तालिका, सन्तुलित अङ्कपत्र, परिदृश्य योजना),
- सहकारी संस्थामा सीमान्तीकृत समूहको सहभागिता प्रवर्द्धन,
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र नेतृत्वको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

**(ग) सहकारी लेखा सुपरिवेक्षण समितिका पदाधिकारी**

- सहकारिता : अर्थ, मूल्यमान्यता र सिद्धान्त
- सहकारी संस्था व्यवस्थापनका अङ्गहरू,
- लेखा सुपरिवेक्षण समितिको कार्यक्षेत्र र कार्यप्रकृति,
- स्वनियमन, आन्तरिक नियन्त्रण र सुशासनमा लेखा सुपरिवेक्षण समितिको भूमिका,
- लेखापरीक्षणका आधारभूत सिद्धान्तहरू, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण तथा आन्तरिक र अन्तिम लेखापरीक्षण,
- लेखा सुपरिवेक्षण समितिको कार्यसम्पादन : आन्तरिक लेखापरीक्षण विधि, सम्पुष्टिका आधारहरू र आन्तरिक लेखापरीक्षक नियुक्ति सम्वन्धी व्यवस्था,
- सहकारी क्षेत्रको वित्तिय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मानदण्ड),
- सहकारी संस्थामा वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन,
- छद्मवेशी विचलन र सहकारी सिद्धान्त परिपालनाको जाँच,
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

**(घ) सहकारी संस्थाका व्यवस्थापक**

- सहकारी अवधारणा, मूल्यमान्यता र सिद्धान्तहरू,
- सहकारी संस्थाका पारिभाषिक विशेषता र अन्य व्यावसायिक संस्थाहरूसँगको फरक,
- सहकारी पहिचान, छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- सहकारी क्षेत्रको अवधारणा र अन्तरसहकारी सहयोगका आयामहरू,
- व्यवस्थापनका आधारभूत पक्षहरू, स्वनियमन, आन्तरिक नियन्त्रण र संस्थागत सुशासन,
- सहकारी लोकतन्त्रमा पेसागत व्यवस्थापन (Professional Management): परिचय, विशिष्टता र महत्व,
- सहकारी व्यवसाय : सदस्य केन्द्रीयता, मूल्य शृङ्खला विकास, व्यवसायिक ढाँचा तथा अन्तरसहकारी सम्बन्धन,
- सहकारी व्यावसायिक आयोजना : पहिचान, सम्भाव्यताको लेखाजोखा, सहकारी संस्थाका प्रतिस्पर्धात्मक फाइदा (Competitive Advantage), व्यावसायिक समूह विकास, महत्व र मूल्याङ्कन,
- सहकारी कानून, नियमन संरचना र सम्पत्ति शुद्धीकरण निवारण तथा अन्य नियमनकारी निर्देशन,
- सदस्य सहभागिता, विस्तारित मञ्चहरू र सदस्य केन्द्रीयता सूचकाङ्क,

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी संस्थामा स्रोत परिचालन, वित्तिय विश्लेषण तथा जोखिम लेखाजोखा,
- सहकारी संस्थाको सञ्चालक विचार र रणनीतिक आधारपत्र (जस्तै : रणनीति पत्र, सोच तालिका, सन्तुलित अङ्कपत्र, परिदृश्य योजना),
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र पेशागत व्यवस्थापकको भूमिका,
- सहकारी व्यवस्थापन सूचना तथा प्रतिवेदन प्रणाली,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(ङ) सहकारी संस्थामा कार्यरत कर्मचारी

- सहकारीता : अर्थ, मूल्यमान्यता र सिद्धान्तहरू,
- सहकारी संस्थाका विशेषता र अन्य व्यावसायिक संस्थाहरूसँगको फरक,
- सहकारी पहिचान, छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- सहकारी संस्थाको उद्देश्य, सांगठनिक संरचना, कार्य विभाजन र समूहगतकार्य (Team Work),
- सहकारी संस्थामा सदस्य सम्पर्क, कर्मचारीको आचारसंहिता र भूमिका,
- सहकारी कानून र नियमन संरचना, सहकारी संस्थाको विनियम, आर्थिक तथा प्रशासनिक नीति, नियमहरू,
- सम्पत्ति शुद्धीकरण निवारण तथा अन्य नियमनकारी निर्देशन,
- सहकारी संस्थामा स्वनियमन र सुशासन,
- सहकारी व्यवसाय : सदस्य केन्द्रीयता, मूल्य शृङ्खला विकास, व्यवसायिक ढाँचा तथा अन्तरसहकारी सम्बन्धन,
- सदस्य सहभागिता, विस्तारित मञ्चहरू र सदस्य केन्द्रीयता सूचकाङ्क,
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी संस्थामा स्रोत परिचालन, वित्तिय विश्लेषण तथा जोखिम लेखाजोखा,
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू,
- सहकारी व्यवस्थापन सूचना तथा प्रतिवेदन प्रणाली,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(च) सहकारी लेखापालक

- सहकारीता : अर्थ, मूल्यमान्यता र सिद्धान्तहरू,
- सहकारी संस्थाका विशेषता र अन्य व्यावसायिक संस्थाहरूसँगको फरक,
- सहकारी लेखा प्रणालीको परिचय, विशेषता र लेखापालकको भूमिका,

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- सहकारी संस्थाको लेखापालन विधि,
- सहकारी क्षेत्रको वित्तीय प्रतिवेदनको ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मानदण्ड),
- सहकारीका मुख्य वित्तिय प्रतिवेदनहरू तयारी तथा विश्लेषण,
- आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण,
- बेरुजु, बेरुजु फछ्र्यौंट तथा अभिलेख व्यवस्थापन,
- वित्तिय सूचना सम्बन्धी लेखापालकको प्रतिवेदन,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(छ) सहकारी लेखापरीक्षक

- सहकारीता : अर्थ, मूल्यमान्यता र सिद्धान्तहरू,
- सहकारी संस्थाका विशेषता र अन्य व्यावसायिक संस्थाहरूसँगको फरक,
- सहकारी संस्थाको प्रकृति,
- सहकारी क्षेत्रको वित्तीय प्रतिवेदनको ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मानदण्ड),
- सहकारी ऐन, नियमावली, लेखापरीक्षण निर्देशिका,
- लङ्गफर्म प्रतिवेदन सम्बन्धी व्यवस्था,
- सदस्य केन्द्रीयता सूचकाङ्क,
- सहकारी संस्थाको कोष तथा आयकर सम्बन्धी व्यवस्था,
- सम्पत्ति शुद्धीकरण निवारण,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(ज) सहकारी नियामक निकायका जनप्रतिनिधिहरू

- सहकारीताको अर्थ, मूल्यमान्यता र सिद्धान्त,
- सहकारी पहिचान, छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- सहकारी आन्दोलनको प्रकृति र स्थानीय विकासमा महत्व,
- सहकारी संस्था दर्ता, पुनर्संरचना तथा सुदृढीकरण,
- सहकारी विकासका आयामहरू : नियमन, प्रवर्द्धन र प्रशिक्षण,
- सहकारी नियमन संरचना : कानून, कार्यक्षेत्र र कार्यगत समन्वय,
- सहकारी नियमन, स्वनियमन र सुशासन,
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी आयोजनाहरूको वित्तकरण (सरकारको समूचित स्रोत अंसियारीका विकल्प समेत),

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र नियामक निकायको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(झ) सहकारी नियामक निकायका नेतृत्व अधिकारी

- सहकारी आन्दोलनको अभ्युदय,
- सहकारी अवधारणा, मूल्यमान्यता र सिद्धान्त,
- नेपालमा सहकारी आन्दोलन,
- सहकारी पहिचान, छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- स्थानीय विकासमा जनस्तरका सहकारी प्रयासको महत्व,
- सहकारी संस्था दर्ता, पुनर्संरचना तथा सुदृढीकरण,
- सहकारी विकासका आयामहरू : नियमन, प्रवर्द्धन र प्रशिक्षण,
- सहकारी नियमन संरचना : कानून, कार्यक्षेत्र र अन्तर तह नियामनकारी समन्वय (सम्पत्ति शुद्धीकरण निवारण, संयुक्त अनुगमन, एकिकृत व्यवस्थापन सूचना प्रणाली आदि),
- सहकारी नियमन, स्वनियमन र सुशासन,
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी प्रवर्द्धन तथा आयोजनाहरूको वित्तकरण (सरकारको समूचित स्रोत अंसियारीका विकल्प समेत),
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र नियामक निकायको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(ञ) सहकारी नियामक निकायमा कार्यरत कर्मचारी

- सहकारी अवधारणा, मूल्यमान्यता र सिद्धान्त,
- नेपालमा सहकारी आन्दोलन,
- सहकारी संस्थाको प्रकृति : सदस्यता, साझा बन्धन, सरोकार, सदस्य अभिमुखीकरण, विषयगत वर्गीकरण, सङ्घीकरण आदि,
- सहकारी संस्था दर्ता, पुनर्संरचना तथा सुदृढीकरण,
- छद्मवेशी विचलन र पुनःअभिमुखीकरण,
- सहकारी विकासका आयामहरू : नियमन, प्रवर्द्धन र प्रशिक्षण,
- सहकारी नियमन संरचना : कानून, कार्यक्षेत्र र अन्तर तह नियामनकारी समन्वय (सम्पत्ति शुद्धीकरण निवारण, संयुक्त अनुगमन, एकिकृत व्यवस्थापन सूचना प्रणाली आदि),

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- सहकारी व्यवसाय प्रवर्द्धन : सदस्य केन्द्रीयता, मूल्य शृङ्खला विकास, व्यवसायिक ढाँचा तथा अन्तरसहकारी सम्बन्धन,
- सदस्य सहभागिता, विस्तारित मञ्चहरू र सदस्य केन्द्रीयता सूचकाङ्क,
- सहकारी संस्थामा स्रोत परिचालन, वित्तिय विश्लेषण तथा जोखिम लेखाजोखा,
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी संस्थाको सञ्चालक विचार र रणनीतिक आधारपत्र (जस्तै : रणनीति पत्र, सोच तालिका, सन्तुलित अङ्कपत्र, परिदृश्य योजना),
- सहकारी आयोजनाहरूको वित्तकरण,
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र सहजकर्ताको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(ट) सहकारी प्रशिक्षक

<u>ट१. विषयगत (अवधि हेरी केही वा सबै समायोजन गर्न सकिने):</u>

- सहकारी आन्दोलनको अभ्युदय,
- मौलिक सहकारी चिन्तकहरू,
- सहकारी चिन्तन पाठशाला (Schools of Thought), दर्शन र मूल्यमान्यता,
- सहकारी सिद्धान्त : विकासक्रम, आधिकारिक एवम् वैकल्पिक तथा विषयगत निर्धारणहरू,
- सहकारी आन्दोलनको विश्वव्यापी विकासक्रम
- नेपालमा सहकारी आन्दोलन : ऐतिहासिक विकासक्रम, वर्तमान अवस्था र भावी सम्भावना,
- सहकारी क्षेत्रको अवधारणा र अन्तरसहकारी सहयोगका आयामहरू,
- आंशिक तथा पूर्ण सहकारीता र एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी व्यवसाय प्रवर्द्धन,
- सहकारी नेतृत्व तथा संस्थागत विकास,
- सहकारी संस्थाको लेखापालन, वित्तिय विश्लेषण तथा जोखिम लेखाजोखा,
- सहकारी नियमन संरचना (कानून, संस्थागत व्यवस्था र अन्तरतह समन्वय),
- सदस्य सहभागिता, विस्तारित मञ्चहरू र सदस्य केन्द्रीयता सूचकाङ्क,
- सहकारी संस्थाको सञ्चालक विचार, रणनीतिक आधारपत्र (जस्तै : रणनीति पत्र, सोच तालिका, सन्तुलित अङ्कपत्र, परिदृश्य योजना) र मूल्याङ्कन,
- सहकारी व्यवस्थापन परामर्श,

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र प्रशिक्षकको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

<u>ट२. विधिगत (अवधि हेरी केही वा सबै समायोजन गर्न सकिने):</u>

- प्रशिक्षण आवश्यकता लेखाजोखा (Need Assessment),
- प्रशिक्षण पाठ्यक्रम विकास (Curriculum Development),
- प्रशिक्षण सामाग्री विकास (Material Development),
- प्रशिक्षण कार्यक्रमको योजना, कार्यान्वयन, अनुसरण र मूल्याङ्कन,
- प्रशिक्षण विधि (Technique),
- कार्यमूलक अनुसन्धान (Action Research),
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

(ठ) सहकारी प्रवर्द्धनकर्ता

- सहकारी अवधारणा, मूल्यमान्यता र सिद्धान्त,
- नेपालमा सहकारी आन्दोलनको विकास र वर्तमान अवस्था,
- सहकारी संस्थाको प्रकृति : सदस्यता, साझा बन्धन, सरोकार, सदस्य अभिमुखीकरण, विषयगत वर्गीकरण, सङ्घीकरण आदि,
- सहकारी कानून,
- सहकारी क्षेत्रका सेवाप्रदायक र साझेदारी विकास,
- एकीकृत सहकारी सेवा : उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी व्यवसाय प्रवर्द्धन र आन्तरिक तथा बाह्य सहयोग परिचालन,
- नेतृत्व तथा संस्थागत विकास, व्यवस्थापन परामर्श र संस्थागत विकासमा सहजीकरण,
- सहकारी संस्थाका सफलता, असफलताका कारणहरू र सहजकर्ताको भूमिका,
- सहभागीको आवश्यकता लेखाजोखा (Need Assessment) वा अपेक्षा (Expectations) अनुसारका थप विषयहरू।

प्राचार्य

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव